**आकाशवाणी समाचार- नेपाली**
**मितिः १३ सितम्बर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- आज ब्रिक्स सम्मेलनको दोस्रो अनि अंतिम दिन हो। सबै ब्रिक्स देशहरुको समर्थनसित हिज 'नई दिल्ली घोषणापत्र 2026' जारी गरियो।

- नेपालमा बाढ़ प्रभावित आठ जिल्लाहरुबाट अझ शव फेला पारिए पछि मरनेहरुको संख्या बढेर एक हजार तीन सय 86 पुगेको छ।

- **एआई** कंपनी एन्थ्रोपिकका मुख्य कार्यकारी अधिकारी डारियो अमोदेईले  एआई उद्योगमा तिब्र गतिमा भैरहेको विकासको गतिलाई कम्ती गर्ने आह्वान गर्नुभएको छ।

- मौसम विभागले आज गुजरातमा भारी वर्षा सितै केहि स्थानहरुमा  अत्यधिक भारी बर्षको चेतावनीसितै रेड अलर्ट जारी गरेको छ।

- आज दुबईमा महिला टी-२० क्रिकेट एसिया कपको फाइनलमा भारतको भिडन्त डिफेन्डिङ च्याम्पियन श्रीलंकासित हुनेछ।

**ब्रिक्स सम्मेलनको दोस्रो दिन**

आज ब्रिक्स सम्मेलनको दोस्रो अनि अंतिम दिन हो। यो सम्मेलन हिज नयाँ  दिल्लीको भारत मंडपममा शुरू भएको थियो। सबै ब्रिक्स देशहरुको समर्थनसित हिज 'नई दिल्ली घोषणापत्र 2026' जारी गरियो। ब्रिक्स देशहरुले अंतरराष्ट्रीय विवादहरुलाई शांतिपूर्ण ढंगसित सुलझाउनको लागि  आपस्तको बातचीत, परामर्श अनि कूटनीतिक प्रयासको आफ्नो संकल्पलाई  दोहोर्याए। उनीहरुले पश्चिम एशियामा बढ़दो तनाव माथि पनि चिंता ब्येक्त गरे अनि यस्ता कार्रवाहीहरुबाट बाच्ने बताएका छन् जसको कारण स्थिति बिग्रन सक्छ। उनीहरुले गत बर्ष 22 अप्रैलमा जम्मू-कश्मीरमा भएको  आतंकवादी हमलाको पनि कडा निंदा गरे अनि आतंकवादको सबै रुपहरु अनि  तरीकाहरुसित जुझ्ने आफ्नो संकल्पलाई पुनः दोहोर्याए। भारतले चौथी पल्ट यस सम्मेलनको आयोजन गरिरहेको छ।

**ब्रिक्स सांस्कृतिक कार्यक्रम**

नयाँ दिल्लीको भारत मंडपममा प्रधानमंत्री द्वारा आयोजित ब्रिक्स नेताहरुको हिज रात्रिभोजमा विशेष सांस्कृतिक कार्यक्रम नवरस : **द यूनिवर्स ऑफ शेयर्ड इमोशंस** प्रस्तुत गरियो। कार्यक्रममा ब्रिक्स सिम्फनी- वन रिदम, मेनी कल्चर्सको

माध्यमद्वारा सदस्य अनि साझेदार देशहरुका संगीतकारहरुले मिलेर प्रस्तुति दिए। सिम्फनीमा ब्रिक्स देशहरुका विभिन्न वाद्य यंत्रहरु अनि संगीत परंपराहरुलाई भारतको शास्त्रीय नृत्य परंपराहरुसित जोडियो।

## प्रधानमन्त्री प्रकाश पर्व

प्रधानमन्त्री नरेन्द्र मोदीले श्री गुरु ग्रन्थ साहिब जीको प्रकाश पर्वको अवसरमा देशवासिलाई शुभकामना दिनुभएको छ। एक सोशल मिडिया पोस्टमा, श्री मोदीले यो पवित्र ग्रन्थले शताब्दीयौंदेखि मानवतालाई निस्वार्थ सेवा, मानवीय मर्यादा र एकताको दिशामा मार्गदर्शन गर्दै आएको बताउनुभएको छ। उहाँले यो शुभ अवसरले मानिसहरूलाई यी मूल्यहरूलाई सुदृढ पार्न र अझ दयालु र सामंजस्यपूर्ण संसार निर्माण गर्न प्रेरित गर्नेछ भनि बताउनुभएको छ।

## अमित शाह- मुंबई भ्रमण

केंद्रीय गृह मंत्री अमित शाहको हिज देखि मुंबईको तीन दिने भ्रमण शुरू भएको छ। यस अवधि उहा मुंबईको एशियाटिक सोसाइटी जानुहुनेछ अनि हिंदीमा केंद्रित छैठो अखिल भारतीय राजभाषा सम्मेलनमा सामेल हुनुहुनेछ।श्री शाहले आज मुंबई एशियाटिक सोसाइटीमा **श्री गणेश ध्यानारती** नामको पांडुलिपिहरुको एक विशेष प्रदर्शनीको उद्घाटन गर्नुहुनेछ। उहाले पुस्तकालयको पनि भ्रमण गर्नुहुनेछ अनि एशियाटिक सोसाइटीको पांडुलिपि संरक्षण प्रयोगशालाको कार्यहरुको निरीक्षण गर्नुभए पछि उपस्थित जनसमूहलाई संबोधित गर्नुहुनेछ। श्री शाह आज बांद्रा रत्न एवं आभूषण निर्यात संवर्धन परिषदको पुरस्कार समारोहमा सामेल सामेल हूहुनेछ।

## नेपाल बाढ़ मृतक संख्या

नेपालमा बाढ़ प्रभावित आठ जिल्लाहरुबाट अझ शव फेला पारिए पछि मर्नेहरुको संख्या बढेर एक हजार तीन सय 86 पुगेको छ।गत 26 अगस्तमा नेपाल-तिब्बत सीमा नजिक आएको बाढ़ले उत्तर अनि मध्य नेपालको कतिपय गाउँहरुमा भारी छति भएको थियो। राष्ट्रीय आपदा जोखिम न्यूनीकरण एवं प्रबंधन प्राधिकरणका अनुसार अहिलेसम्म फेला पारिएका शवहरु मद्धे एक सय चारलाई चिन्हित गरिएपछि उनीहरुको परिवारलाई सुम्पिएको छ। अझ पनि लगभग पांच हजार एक सय तीस मानिसहरु लापत्ता छन्।सुरक्षा बलले खोजी अनि बचाव अभियान चलाईरहेको छ। अहिलेसम्म 13 हजार 700 भन्दा अधिक मानिसहरुलाई बचाईएको छ जबकि 339 जनाको बिभिन्न अस्पतालहरुमा उपचार जारी छ।यसै बीच, रासुवा, नुवाकोट अनि धाडिंग जिल्लाहरुमा तीन हजार 700 भन्दा अधिक मानिसहरु अस्थायी आश्रयहरुमा बसिरहेका छन्।

## एन्थ्रोपिक सीईओ -एआई

**एआई** कंपनी एन्थ्रोपिकका मुख्य कार्यकारी अधिकारी डारियो अमोदेईले एआई उद्योगमा तिब्र गतिमा भैरहेको विकासको गतिलाई कम्ती गर्ने आह्वान गर्नुभएको छ। उहाले भन्नुभयो - सुरक्षा उपायहरुलाई तकनीकसित तालमेल बनाउनमा समय लाग्नेछ। श्री अमोदेईले चेतावनी दिनुभयो कि बलियो सुरक्षा उपायहरु बिना, एआई 6 देखि 12 भित्र एक समूहको नेतृत्व गर्नमा सक्षम हुन सक्छ। यसले संभावित रूपमा इंटरनेट माथि कब्ज़ा गरेर अन्य खतरा पनि उत्पन्न गर्न सक्छ। उहाले भन्नुभयो - एआई को विकास जारी रहन पर्नेछ तर खतरा गंभीर छ अनि कंपनिहरु तथा सरकारहरुलाई यस सित जुझनको लागि समय चाहिनछ। **ओपनएआई** का मुख्य कार्यकारी अधिकारी सैम ऑल्टमैन अनि **एक्स एआई** का प्रमुख एलन् मस्कले पनि यस आह्वानलाई समर्थन गरेका छन्। **ओपनएआई ले** श्री अमोदेईको प्रस्तावित सुरक्षा उपायहरु मद्धे एकलाई अपनाउने श्री ऑल्टमैनले बताउनुभयो। श्री मस्कले पनि डारियोको विचारलाई समर्थन गरेका छन्।यो चेतावनी एआई को संभावित दुरुपयोगलाई लिएर बढ़दो चिंताहरु बीच आएको हो।

## इराक-सऊदी पाइपलाइन-हूथी

इराकले मेसान प्रांतमा सैन्य अभियानहरुका कमांडरलाई पदबाट हटाएको छ। यसको साथै ईरानसित रहेको शलामचेह सीमा चौकीलाई साबधानी अपनाउदै अस्थायी रूपमा बंद गर्ने आदेश दिएको छ। सऊदी अरबको ईस्ट-वेस्ट पाइपलाइन माथि

ड्रोन हमलाहरुको जांचपछि यो कार्रवाही गरिएको छ। यस भन्दा पुर्व सऊदी अरबले भनेको थियो कि - हमला इराकको तर्फबाट गरिएको थियो तर लेकिन सऊदी अरबले जवाबी कार्रवाहीको सट्टा इराकी सरकारको प्रयासहरुको समर्थन गर्ने निर्णय गरेको थियो।

होर्मुज़ जलडमरूमध्य अनि बाब-अल-मंदेब दुवैमा सुरक्षा सम्बन्धि चिंताहरु बढेको छ।

## चिली-आग

चिलीको एक नर्सिङ होममा आगलागी हुँदा कम्तीमा १६ जना वयोवृद्धको मृत्यु भएको छ। अधिकारीहरूले राजधानी सान्टियागोबाट लगभग ६४० किलोमिटर दक्षिणमा रहेको कोरोनेलस्थित एल एडेन नर्सिङ होममा आगलागी भएको बताएका छन्। घटनाको समय नर्सिङ होममा २६ जना वयोवृद्धहरु उपस्थित थिए, जसमध्ये १० जनालाई सुरक्षित रूपमा बाहिर निकालेर स्थानीय अस्पताल लगिएको थियो।

## मौसम

मौसम विभागले आज गुजरातमा भारी वर्षा सितै केहि स्थानहरुमा अत्यधिक भारी बर्षको चेतावनीसितै रेड अलर्ट जारी गरेको छ। मध्य प्रदेश, पश्चिमी मध्य प्रदेश तथा सौराष्ट्र अनि कच्छमा पनि भारी वर्षा हुने अनुमान छ। तटीय आंध्र प्रदेश, राजस्थान, हरियाणा, पंजाब, चंडीगढ़, उत्तराखंड, पश्चिम बंगाल, सिक्किम अनि पूर्वोत्तरको केही भागहरुमा पनि आज भारी बर्ष हुन सक्छ।बिहार, झारखंड अनि अंडमान-निकोबार द्वीप समूहमा गर्जनसाथ बिजुली चम्किने स्थिति बनीरहन सक्छ। दिल्लीमा पनि आगामी पांच दिनहरुमा केही स्थानहरुमा भारी वर्षा हुने सम्भावना छ।यसै बीच, केरल अनि माहेमा आज गरम अनि उष्णतापूर्ण मौसम रहने अनुमान छ।

## महिला टी-२० क्रिकेट

आज दुबईमा महिला टी-२० क्रिकेट एसिया कपको फाइनलमा भारतको भिडन्त डिफेन्डिङ च्याम्पियन श्रीलंकासित हुनेछ। यो म्याच भारतीय समय अनुसार राति 8 बजे सुरु हुनेछ। सेमिफाइनलमा भारतले बंगलादेशलाई 40 रनले पराजित गरेको थियो। सात पल्टको च्याम्पियन भारत यस टुनामेन्टमा आफ्ना सबै म्याच जितेर समूह ए को शीर्ष स्थानमा रह्यो।श्रीलंकाले सेमिफाइनलमा पाकिस्तानलाई पराजित गरेर फाइनलमा प्रवेश गरेको छ। श्रीलंकाले यसअघि 2024 मा यो उपाधि जितेको थियो। जबकि भारतले यो उपाधि सात पल्ट जिती सकेको छ।